विज्ञान अधिकारी, श्रीलंका जेठ २१- दक्षिण एसियाली मुलुकको कुल गार्हस्थ उत्पादन कृषिमा निर्भर रहेकोले जलवायु परिवर्तनले यो क्षेत्रलाई प्रत्यक्ष प्रभावित बनाएको विज्ञहरुले बताएका छन्। 'दक्षिण एसियाली मुलुकको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २२ प्रतिशत छ,' क्लाइमेट एक्सन नेटवर्क साउथ एसियाका निर्देशक सञ्जय वशिष्ठले भने।

साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भायोरोमेन्ट(साउती) र इन्सिच्युट अफ पोलिसी स्टडीज अफ श्रींलकाको आयोजनामा कोलम्बोमा भएको दक्षिण एसियामा व्यापार, जलवायु परिवर्तन र खाद्य सुरक्षा सम्वन्धी सेमिनारमा उनले सो कुरा बताएका हुन्।
उनले दुई डिग्री तापक्रम बढ्दा कुल गार्हस्थ उत्पादन पाँच प्रतिशत घटेको जानकारी दिए। 'विश्व बैंकको अध्ययनले देखाए अनुसार दुई डिग्री तापक्रम बढ्दा पाँच प्रतिशत कुल गार्हस्थ उत्पादन घटेको छ,' उनले भने, 'जलवायु परिवर्तनको समस्यालाई क्षेत्रियस्तरमै समाधान गर्न सामूहिक पहल आवश्यक छ।'
कार्यक्रममा साउतीका कार्यकारी अध्यक्ष पोषराज पाण्डेले आन्तरिक र क्षेत्रिय व्यापार नीतिलाई बहुपक्षिय व्यापार नीतिको तादात्मय हुने गरी बनाउन । 'आन्तरिक र क्षेत्रिय व्यापार नीति बहुपक्षिय व्यापार नीति अनुसार बनाउन सकेमा त्यसबाट फाइदा लिन सकिन्छ, उनले भने। उनका अनुसार विश्व व्यापार संगठनको दोहा राउन्डमा दक्षिण एसियाली मुलुकले फरक फरक मत राखेका छन्। उनले दक्षिण एसियाली मुलुकका एउटै खाले समस्या रहेको बताउँदै यो संबोधन गर्न क्षेत्रिय सञ्जाललाई बलियो बनाउनुपर्ने धारणा राखे।
श्रींलकाका वातावरणमन्त्री अनुरा प्रियदर्शन यपले जलवायु परिवर्तनले विश्वनै प्रभावित भएको बताउँदै त्यसमा पनि सबैभन्दा बढी दक्षिण एसियाली मुलुक रहेको जानकारी दिए। 'सबै देश जलवायु परिवर्तनबाट प्रभावित छन्। त्यसमा पनि दक्षिण एसियाली मुलुकको जैविक विविधताका कारण अझ जोखिममा छ,' उनले भने। उनले व्यापार उदारीकरणबाट जलवायु परिवर्तनको समस्यालाई कम गर्न सकिने धारणा राखे।
इन्स्च्युट अफ पोलिसी स्टडिज अफ श्रींलकाका कार्यकारी निर्देशक समन कलेगामाले व्यापार तथा खाद्यान्न सुरक्षा दक्षिण एसियाको सबैभन्दा चुनौतिपूर्ण रहेको बताए। 'दक्षिण एसियाको सबैभन्दा ठूलो समस्या भनेको व्यापार र खाद्यान्न सुरक्षानै हो,' उनले भने, 'यही समस्याले यो क्षेत्रमा असमानता र गरिबी घट्न सकेको छैन।'
उनले सन् २००८को खाद्यान्न अभावले धेरैजसो दक्षिण एसियाली मुलुकले खाद्यान्न निकासीमा प्रतिवन्ध लगाएको बताउँदै अभावको बेला क्षेत्रिय सहकार्य आवश्यक रहेको बताए। कार्यक्रममा कट्स इन्टरनेसनलकी कस्तुरी मुखोपाध्यायले भारतीय सामुदायिक वीऊ बैंक र सार्क क्षेत्रिय बीऊ बैंकको बारेमा कार्यपत्र प्रस्तुत गरेकी थिइन्। उनले सार्क बीऊ बैंक कार्यान्वयनमा ल्याउनु अघि किसानहरुसँग छलफल गर्नुपर्ने बताइन्।
'किसानसँग छलफल नगरी सार्क बीऊ बैंक कार्यान्वयनमा ल्याउनु घातक हुनेछ,' उनले भनिन्। कार्यक्रममा साउतीकी परामर्शदाता निलु थापाले प्रतिस्पर्धाको अभावले नेपाली उपभोक्ताले महँगो मूल्यमा खाद्यान्न उपयोग गर्नुपरेको बताइन्। 'सिन्डिकेट र कार्टेलिङले नेपाली उपभोक्ता पिडित छन्,' उनले भनिन्, 'यसलाई सरकारी निकायले अनुगमन गर्न सकेको छैन।'